(क) प्रमाण पत्र वितरण कृषि तथा वन विज्ञान विश्वविद्यालयको हल वाहिरको प्रमाण पत्र वितरण काउन्टरबाट गरिनेछ ।

(ख) प्रमाण पत्र लिनका लागि Online फाराम भर्दा प्राप्त गरेका Certificate Collection Card र MRP साइजको फोटो २ (दुई) प्रति ल्याउनु पर्नेछ ।

(ग) दीक्षान्त समारोहमा उपस्थिति भएका तर सो दिन प्रमाण पत्र लिन नभ्याएका, भाग लिन आवेदन दिई भाग लिन नसकेका र Virtual रुपमा उपस्थित भएका विद्यार्थीहरुले पछि कृषि तथा वन विज्ञान विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, रामपुरबाट प्रमाण पत्र प्राप्त गर्नेछन् ।

(घ) ग्रेस लिष्टमा समावेश भैसकेका दीक्षान्त समारोहमा भाग नलिने विद्यार्थीहरुले दीक्षान्त समारोह सुसम्पन्न भइसकेपछि आवेदन फाराम सहित नियमानुसारको शुल्क बुझाई कृषि तथा वन विज्ञान विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, रामपुरबाट प्रमाण पत्र लिन सक्नेछन् ।

## तपसिल

| | तह | शुल्क (रु.) |
|---|---|---|
| (क) | स्नातक | १,७००।०० |
| (ख) | स्नातकोत्तर | २,२००।०० |
| (ग) | विद्यावारिधि (पिएच डी) | ३,२००।०० |

## ४. गाउन/स्कार्फ/ह्याट र धरौटी रकम फिर्ता :

(क) कृषि तथा वन विज्ञान विश्वविद्यालय, केन्द्रीय कार्यालय, रामपुरबाट गाउन/स्कार्फ/ह्याट वितरण, फिर्ता र धरौटी उपसमितिले गाउन/स्कार्फ/ह्याट विद्यार्थीहरुबाट फिर्ता लिई धरौटी रकमबाट रु.१,०००।०० कटाई बाँकी रकम फिर्ता गरिनेछ ।

(ख) Online फाराम भर्दा प्राप्त गरेका बैंक दाखिलाको Transaction ID र गाउन कार्ड सहित गाउन/स्कार्फ/ह्याट फिर्ता बुझाएपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ । गाउन/स्कार्फ/ह्याट कुनै एक हराएमा, क्षति भएमा वा मिति २०७८।०१।०२ भित्रमा फिर्ता नबुझाएमा निजको धरौटी रकम फिर्ता गरिनेछैन ।

५. दीक्षान्त पोशाक सम्बन्धमा :

(क) दीक्षित हुन योग्य (ग्रेस लिष्टमा समावेश भएका) विद्यार्थीहरु उक्त समारोहमा Virtual सहभागी भएका र दीक्षान्त आवेदन फाराम नभरी अनुपस्थित (Absentia) भएका गाउन/स्कार्फ/ह्याट प्रयोग गरी फोटो लिन चाहने विद्यार्थीहरुले मिति २०७८।०१।१६ देखि मिति २०७८।०२।१५ सम्ममा आ-आफ्नो प्रमाण पत्र लिन आउँदा नियमानुसारको शुल्क बुझाई उक्त दीक्षान्त पोशाक प्रयोग गर्न सक्नेछ ।

- विहान १०:०० वजे देखि २:०० वजे सम्म दीक्षान्त पोशाक वितरण गरिनेछ र भोलिपल्ट कार्यालय समय भित्र फिर्ता गर्नु पर्नेछ ।